# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

पत्र संख्या :
चलानी नं. :

बागमती प्रदेश, नेपाल
मितिः २०८२/०९/३०

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

**भीमेश्वर नगरपालिकाको उत्पादनमा आधारित विपन्न नागरिक आय-आर्जन कार्यक्रममा सहभागि हुने सम्वन्धी सूचना !**

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०९/३०)

चालु आ.व. २०८२/०८३ को लागि सङ्घीय सरकारबाट हस्तान्तरित कार्यकमको विशेष अनुदान अन्तर्गत उत्पादनमा आधारित विपन्न नागरिक आयआर्जन कार्यक्रमका लागि बजेट बिनियोजन भएकोमा सो कार्यान्वयन गर्न यस नगरपालिकाका उत्पादनमा आधारित विपन्न नागरिक आयआर्जन कार्यक्रम कार्यविधि, २०८२ बमोजिम यस नगर क्षेत्रभित्र रहेका वास्तविक विपन्न तथा जोखिमग्रस्त परिवारहरु पहिचान गरी जीवनस्तरमा सुधार ल्याउन स्वरोजगार, सीपमूलक प्रशिक्षण तथा साना उद्योग विकास कार्यक्रम सन्चालनका लागि तपसिल बमोजिमका योग्यता पुगेका यस नगरपालिकाका सबै वडा (१-९) का लाभग्राहीहरुले यस कार्यक्रममा सहभागि हुन तोकिएको कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन (कार्यालय समय) भित्र सम्वन्धित वडा कार्यालयमा आवेदन गर्नु हुन सम्वन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

**१) लाभग्राहीको योग्यता**

क) भीमेश्वर नगरपालिकाको स्थायी बासिन्दा हुनुपर्ने,

ख) विपन्न सूचक अनुसार नगरपालिका, वडा कार्यालयबाट छनौट भएको,

ग) भीमेश्वर नगरपालिका वा कुनै पनि सरकारी निकायबाट दोहोरो लाभ नलिएको,

घ) कार्यक्रम सन्चालन गर्न ईच्छुक, सक्षम तथा प्रतिवद्ध भएको ।

**२) संलग्न गर्नुपर्ने कागजात**

क) लाभग्राही आवेदन फारम थान १

ख) नागरिकता प्रमाण पत्रको छाँया प्रति १ थान

ग) पासपोर्ट साइजको फोटो १ प्रति

घ) विपन्न नागरिक आय आर्जन कार्यक्रममा दोहोरोपन नभएको र नहुने प्रतिवद्धता पत्र - १

(विष्णु प्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

**विष्णु प्रसाद सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**